## मिति २०७९ मंसिर १४ गतेको कार्यपालिका वैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका वैठकको निर्णय कार्यान्वयन तथा समिक्षा सम्बन्धमा।

प्रस्ताव नं. २ : भूउपयोग निर्देशिका बमोजिम जगा वर्गिकरणका लागि वडास्तरीय सहजीकरण समिति गठन सम्बन्धमा।

प्रस्ताव नं. ३ : योजना संशोधन सम्बन्धमा।

प्रस्ताव नं ४ : कर्मचारीहरुको स्तरवृद्धि गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ५: सहकारी छनौट गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ६ : विज्ञापन कर संकलनको ठेक्का अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. ७ : ईन्द्रावती नदीको धार परिवर्तन सम्बन्धी पेश भएको प्रतिवेदन सम्बन्धमा।

प्रस्ताव नं. ८ : मेलम्ची नगर अस्पतालबाट प्राप्त भएको जगा सम्बन्धी प्रतिवेदन सम्बन्धमा।

प्रस्ताव नं. ९ : ट्रफिक विट व्यवस्थापन तथा कोशेली घर मर्मत संभार गरी संचालन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १० : ज्येष्ठ नागरिकको लागि सहयोग गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ११ : नगरपालिका परिसरको पर्खाल प्लाष्टर तथा भित्ते लेखन सम्बन्धमा।

प्रस्ताव नं. १२ : वडा नं. ४ को वडा कार्यालय निर्माण सम्बन्धमा।

प्रस्ताव नं. १३ : समयमा काम नगर्ने ठेकेदारहरुको सूची पत्रिकामा प्रकाशन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १४ : अस्पताल परिसरको पहिरो नियन्त्रण सम्बन्धमा।

प्रस्ताव नं. १५ : मेलम्ची नगरपालिकाको संगठन संरचना (O & M) पुनरावलोकन सम्बन्धमा।

प्रस्ताव नं. १६ : एकिकृत पर्यटकीय पूर्वाधार निर्माणका लागि राष्ट्रिय योजना आयोगमा सिफारिस गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १७ : फोहोरमैला तथा विपद् व्यवस्थापन कार्यका लागि विशेष अनुदान माग गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १८ : वडा नं. ७ मा रिक्त रहेको कार्यालय सहयोगी पदपूर्ति सम्बन्धमा।

प्रस्ताव नं. १९ : खानेपानी योजना निर्माण सम्बन्धमा।

प्रस्ताव नं. २० : योजना कार्यान्वयन सम्बन्धमा।

प्रस्ताव नं. २१ : फोहोरमैला व्यवस्थापन सम्बन्धमा।

प्रस्ताव नं. २२ : नयाँ सडक ट्रयाक निर्माणका लागि अनुमति प्रदान गर्ने सम्बन्धमा।

## मिति २०७९ साल मंसिर १४ गतेको कार्यपालिका वैठकका निर्णयहरु

निर्णय नं. १ : मिति २०७९ कार्तिक २९ गतेको कार्यपालिका वैठकबाट भएका निर्णय कार्यान्वयनका सम्बन्धमा आजको यस वैठकमा छलफल एवं समीक्षा गरियो ।

निर्णय नं. २ : भूउपयोग निर्देशिकामा भएको व्यवस्था बमोजिम जग्गाको वर्गीकरणका लागि सम्बन्धित वडाको सर्वदलीय एवं सर्वपक्षीय वडास्तरीय सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :

मेलम्ची नगरपालिका भित्रका वडा कार्यालयहरुबाट योजना संशोधनको लागि पेश भएको देहाय बमोजिमको योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | साविकको योजना | बजेट रु. | हाल संशोधित योजना | बजेट रु. |
|---|---|---|---|---|
| १ | शैक्षिक सुधार कार्यक्रम तथा खेलकुद प्रतियोगिता, मेनपा ९ | ८,००,०००।– | सातकन्या मा.वि. कक्षाकोठा व्यवस्थापन, मेनपा ९ | २,५०,०००।– |
| | | | गोल्मेश्वरी आ.वि. झ्यालढोका तथा शौचालय मर्मत, मेनपा ९ | ३,५०,०००।– |
| | | | वडा स्तरीय खेलकुद प्रतियोगिता, मेनपा ९ | २,००,०००।– |
| २ | गैरीगाउँ हवलदार टोल मिजार टोल खानेपानी, मेनपा ९ | ५,००,०००।– | गैरीगाउँ खानेपानी, मेनपा ९ | ५,००,०००।– |
| ३ | विविध सार्वजनिक निर्माण, मेनपा १३ | १०,००,०००।– | मेनपा १३ भित्रका सडक सुधार, मेनपा १३ | १०,००,०००।– |
| ४ | देवीस्थान मन्दिर निर्माण, मेनपा ३ | १,००,०००।– | देवीस्थान मन्दिर निर्माण, मेनपा ३ | १,५०,०००।– |
| | विपद् व्यवस्थापन (वडाबाट विनियोजन भएको रु. ३५००००।– मध्ये ) | ५०,०००।– | | |
| ५ | विद्यालयस्तरीय अतिरिक्त क्रियाकलाप, मेनपा ३ | १,००,०००।– | बाल कक्षा व्यवस्थापन, मेनपा ३ | १,००,०००।– |
| ६ | कालिका शरण आ.वि. घेरावार, मेनपा ३ | ३,००,०००।– | कालिका शरण आ.वि. सिसि क्यामेरा खरिद तथा खानेपानी निर्माण, मेनपा ३ | ३,००,०००।– |

निर्णय नं. ४ : बागमती प्रदेश सरकारबाट जारी गरिएको स्थानीय तहका सेवाको गठन तथा संचालन सम्बन्धी अध्यादेशमा भएको व्यवस्था बमोजिम यस मेलम्ची नगरपालिकामा हाल कार्यरत कर्मचारीहरु मध्ये अध्यादेश बमोजिम योग्यता पुगेका कर्मचारीहरुको स्तरवृद्धि प्रक्रिया अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ५ : बहुक्षेत्रीय पोषण योजना कार्यक्रम अन्तर्गत सुनौला हजार दिनका आमा तथा बच्चाको पोषणमा पहुँच पुर्याउने उद्देश्यका साथ विपन्न समुदायका महिला समूह वा सहकारी संस्थाका सदस्यहरुलाई आयआर्जन तथा पोषण सुधार कार्यक्रम संचालनका लागि संघीय सरकारबाट रु. ६,००,०००।– (अक्षरुपी छ लाख रुपैयाँ मात्र) बजेट प्राप्त भएको हुँदा उक्त बजेट कार्यान्वयनका लागि सहकारी छनौट गरी सिफारिस गर्नका लागि देहाय बमोजिमको समिति निर्माण गर्ने निर्णय गरियो ।

तपसिल

मेलम्ची न.पा. उपप्रमुख श्री उमा प्रधान – संयोजक
सम्बन्धित वडाका वडा अध्यक्ष – सदस्य
सम्बन्धित शाखा प्रमुख – सदस्य सचिव

निर्णय नं. ६ : मेलम्ची नगरपालिका क्षेत्र भित्र आ.व. २०७९/०८० देखि आ.व. २०८१/०८२ सम्मका लागि वार्षिक १०% का दरले वृद्धि हुने गरी रु. ३,०२,६५०।– (अक्षरुपी तीन लाख दुई हजार छ सय पचास रुपैयाँ मात्र ) मा विज्ञापन कर संकलनका लागि मेलम्ची नगरपालिका र साइन हब प्रा.लि. बिराटनगर ३ बीच गरिएको सम्झौता अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोकको च.नं. १०४८ मिति २०७९/७/२९ मा ईन्द्रावती नदीको धार परिवर्तन गरेको सम्बन्धमा प्राप्त भएको पत्रको सम्बन्धमा स्थलगत अनुगमनबाट प्राप्त भएको प्रतिवेदन आजको यस वैठकमा छलफल गर्नुको साथै उक्त प्रतिवेदन जिल्ला प्रशासन कार्यालयमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ८ : मेलम्ची नगरपालिका वडा नं. ११ निवासी श्री विन्द्रा देवी श्रेष्ठको मेलम्ची नगरपालिका वडा नं. ११ स्थित कि.नं. २२३७ को क्षे.फ. ०–२–२–३ जग्गा मेलम्ची प्राथमिक स्वास्थ्य केन्द्रले भोगचलन गर्दै आएको र उक्त जग्गा छुट्टयाई हालको चलनचल्ती अनुसारको रकम उपलब्ध गराइदिनका लागि निवेदन पेश भएको सन्दर्भमा उक्त जग्गाको नाँपजाँच गर्दा निज विन्द्रा देवी श्रेष्ठको कि.नं. २२३७ को क्षे.फ. ०–२–२–३ मध्ये क्षे.फ. ०–१–१–० जग्गा प्राथिमिक स्वास्थ्य केन्द्रको भवन भित्र पर्ने देखिएकोले सो सम्बन्धमा पेश भएको प्रतिवेदन यस वैठकमा छलफल गरियो । साथै, उक्त सम्बन्धमा आवश्यक कानूनी राय परामर्श लिने निर्णय गरियो ।

निर्णय नं. ९ : मेलम्ची नगरपालिका वडा नं. ११ स्थित कोशेली घर मिति २०७८ साल असार १ गतेको बाढी बाट क्षति भएको हुँदा उक्त कोशेली घर प्राविधिक लागत इष्टिमेट बमोजिम मर्मत संभार कोषबाट खर्च हुने गरी मर्मत संभार गर्ने र मर्मत संभार पश्चात उक्त कोशेली घर अस्थायी रुपमा कार्यालय संचालनका लागि ट्राफिक प्रहरी पोष्ट मेलम्चीलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १० : पञ्चकन्या ज्येष्ठ नागरिक मञ्जको लागि भजन किर्तन सामाग्री सहयोगको लागि निवेदन पेश भएको हुँदा उक्त मञ्चको लागि लक्षित वर्ग अन्तर्गत मागमा आधारित (महिला, अपाङ्गता, बालबालिका, ज्येष्ठ नागरिक समेत) शिर्षकबाट खर्च हुने गरी माग बमोजिमको भजन किर्तन सामाग्री खरिद गरी प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : मेलम्ची नगरपालिका परिसरको पर्खालमा प्लाष्टर र भित्ते लेखन कार्य गर्दा कार्यालय परिसर सुन्दर देखिने भएकोले प्राविधिक लागत इष्टिमेट बमोजिम विविध सार्वजनिक निर्माण शिर्षकबाट खर्च हुने गरी प्लाष्टर र भित्ते लेखनको कार्य गराउने निर्णय गरियो ।

निर्णय नं. १२ : मेलम्ची नगरपालिका वडा नं. ४ को वडा कार्यालय निर्माण गर्ने सम्बन्धमा यस वैठकमा छलफल हुँदा हाल वडा कार्यालय संचालन भएको साविकको स्थानबाट नै वडा कार्यालय संचालन गर्ने र सम्बन्धित वडाबाट जग्गा प्राप्त भए पछि वडा नं. ४ को वडा कार्यालय भवन निर्माणको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. १३ : मेलम्ची नगरपालिकाबाट ठेक्का सकार गरी सम्झौता बमोजिम समयमा कार्य नगरेका देहाय बमोजिमका ठेकेदार र फर्महरुको सूची पत्रिकामा सार्वजनिक गरी आवश्यक कारवाही प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपसिल

| ठेक्का नं. | योजनाको नाम | छनोट भएको बोलपत्र दाता |
|---|---|---|
| MMSI/WORKS/NCB/2078-79/05 | Construction of Foot Trail at Bhumesthan Dhaule | N.S. Construction |
| MMSI/WORKS/NCB/2078-79/04 | Construction of Mandir, Satal, and Entrance Gate at Dhaule | Sindhu Nirman Sewa |
| MMSI/WORKS/NCB/2078-79/20 | Construction of Canteen at Gufa Dada Ward No.9 | Indrawati Construction and Suppliers Pvt.Ltd. |
| MMSI/WORKS/NCB/2078-79/19 | Upgrading Works of Bhadaure Dhusenichaur Mane Bhanjyang Road | PSK/Bhotsipa JV |
| MMSI/WORKS/NCB/2078-79/02 | Upgrading Works of Okhrenichaur Dhusenichaur Road | Gehendra Laxmi/ Attreya J/V |
| MMSI/WORKS/NCB/2077-78/40 | Construction of Bankaryalaya Helambu Sadak Black Top | Taksar Nirman Sewa |
| MMSI/WORKS/NCB/2077-78/22 | Construction of ward No. 8 office Building | Dhulikhel Nirman Sewa, Kathmandu |

| | | |
|---|---|---|
| MMSI/WORKS/NCB/2077-78/23 | Construction of ward No.10 office Building | Sworaj/Malika J/V,Sindhupalchok |
| MMSI/WORKS/NCB/2077-78/24 | Construction of ward No.13 office Building | Sworaj/Malika J/V,Sindhupalchok |
| MMSI/WORKS/NCB/2077-78/26 | Construction of Melamchi Primary Hospital Building | Surya Chandra-Prera JV |

निर्णय नं. १४ : मेलम्ची नगरपालिका वडा नं. ११ डुँडेफाँटमा निर्माणधिन नगर अस्पताल परिसरमा पहिरो गई अस्पातल भवन नै जोखिमयुक्त अवस्थामा रहेको हुँदा उक्त पहिरो नियन्त्रणका लागि प्राविधिक लागत इष्टिमेट बमोजिम विपद् व्यवस्थापन कोष शिर्षकबाट खर्च हुने गरी पहिरो नियन्त्रण गर्ने निर्णय गरियो ।

निर्णय नं. १५ : मेलम्ची नगरपालिकाको सेवा र कार्यवोझ दिनप्रतिदिन बढ्दै गएको हुँदा नगरपालिका र अन्तर्गतका इकाईहरुबाट प्रदान गरिने सेवालाई प्रभावकारी बनाउन हाल भइरहेको मेलम्ची नगरपालिकाको संगठन संरचना (O & M) लाई पुनरावलोकन गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. १६ : मेलम्ची नगरपालिका भित्रका विस्तृत परियोजना प्रतिवेदन निर्माण भएका देहाय बमोजिमका पर्यटकीय पूर्वाधार निर्माण गर्न बजेट व्यवस्थाका लागि संघीय सरकार, प्रदेश सरकार र राष्ट्रिय योजना आयोगमा सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

१. गुफाडाँडा एकिकृत पर्यटकीय पूर्वाधार निर्माण, मेलम्ची न.पा. ९
२. धौले एकिकृत पर्यटकीय पूर्वाधार निर्माण , मेलम्ची न.पा. ४ र ६
३. तपचुली एकिकृत पर्यटकीय पूर्वाधार निर्माण, मेलम्ची न.पा. १ र २

निर्णय नं. १७

मेलम्ची नगरपालिका वडा नं. ११ मा निर्माण गरिएको फोहोरमैला व्यवस्थापन केन्द्र मेलम्ची तथा ईन्द्रावती नदीमा मिति २०७८ साल असार १ गते आएको भिषण बाढीबाट पूर्ण रुपमा क्षति भएको हुँदा नगरपालिका भित्रको उपयुक्त स्थानमा फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणका साथै देहाय बमोजिमका विपद् सम्बन्धी योजना निर्माणका लागि संघीय सरकार, प्रदेश सरकार र राष्ट्रिय योजना आयोगमा सिफारिस गर्ने निर्णय गरियो।

तपसिल

१. फोहोरमैला व्यवस्थापन केन्द्र, मेलम्ची नगरपालिका
२. राम्चेडाँडा पहिरो नियन्त्रण, मेनपा ९
३. काफ्लेखोला नदी नियन्त्रण, मेनपा ९
४. सहरेखोला नदी नियन्त्रण, मेनपा १०
५. राम्चेखोला नदी नियन्त्रण, मेनपा ९
६. ईन्द्रावती खरबोटे नदी नियन्त्रण, मेनपा १०
७. मेलम्ची भोताङ सडक खण्डको ईन्द्रावती दोभान नदी नियन्त्रण, मेनपा १०

८. महभिर गिराञ्चौर सडकको पहिरो नियन्त्रण, मेनपा १
९. सुँगुरेखोला देखि नुहारखोला संरक्षण, मेनपा ७
१०. डाँडाथोक आँपघारी पहिरो नियन्त्रण, मेनपा १२
११. साउने मुल पहिरो नियन्त्रण, मेनपा ९
१२. जमूरुम्टो महिरो नियन्त्रण, मेनपा ९
१३. वडा नं. २ को पहिरो संरक्षण, मेनपा २
१४. छाँगेली बस्ती पहिरो नियन्त्रण, मेनपा ८
१५. खैरे बस्ती पहिरो नियन्त्रण, मेनपा ८
१६. अँधेरी खोला पहिरो नियन्त्रण, मेनपा ५
१७. साङदान बस्ती पहिरो नियन्त्रण, मेनपा ३
१८. ढकालथोक कृष्ण मन्दिर हुँदै पिपलचौर जाने सडक पहिरो नियन्त्रण, मेनपा १२
१९. खानीगाउँ दनुवारगाउँ पहिरो नियन्त्रण, मेनपा ११
२०. पानीखर्क उपल्लो गाउँ च्यानडाँडा पहिरो नियन्त्रण, मेनपा ६
२१. उर्लेनी खोला तालामाराङ खोला नुहार खोला बस्ती संरक्षण, मेनपा ६
२२. फलामे सुनार बस्ती संरक्षण तथा पहिरो नियन्त्रण, मेनपा १०
२३. काफ्लेखोला बस्ती संरक्षण, मेनपा १०
२४. सातबिसे नेपाने पहिरो नियन्त्रण, मेनपा १३
२५. डाँडाथोक आँपघारी पहिरो नियन्त्रण, मेनपा ११
२६. मगर्नीखोला माझीगाउँ खोल्सा नियन्त्रण, मेनपा १२
२७. अँधेरी खोला सिम्ले पहिरो नियन्त्रण, मेनपा १०

निर्णय नं. १८ : मेलम्ची नगरपालिका वडा नं. ७ मा कार्यालय सहयोगी पद रिक्त भई कार्यालयको दैनिक कामकाजनमा कठिनाई भएको हुँदा उक्त वडा कार्यालयको कार्यालय सहयोगी पद सम्बन्धित वडाबाट नै करार सेवामा लिई कामकाजमा लगाउने निर्णय गरियो ।

निर्णय नं. १९ : मेलम्ची नगरपालिका वडा नं. ७ स्थित दुवाचौर खेलमैदान खानेपानी योजना र रयाले खानेपानी योजना निर्माणको लागि विविध सार्वजनिक निर्माण शिर्षकबाट खर्च हुने गरी रु.८०,०००।– (अक्षरुपी असी हजार रुपैयाँ मात्र ) बजेट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. २० : मेलम्ची नगरपालिका वडा नं. ११ स्थित नुहारखोला दुलालगाउँ कृषि सडक स्तरोन्नती कार्यको लागि आ.व.२०७९/०८० मा वडाबाट विनियोजन भएको बजेट रु. ७,००,०००।– मा प्राधानमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन हुने बजेट समेत थप गरी उक्त योजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

निर्णय नं. २१ : मेलम्ची नगरपालिका क्षेत्र भित्रका बजारमा उत्पादन हुने फोहरमैलाको उचित व्यवस्थापनको लागि फोहोरमैला व्यवस्थापन शिर्षकबाट होर्डिङ्ग बोर्ड, डस्टबिन लगायतका आवश्यक सामाग्रीहरुको खरिद गरी वडाको मागको आधारमा वितरण गर्ने निर्णय गरियो ।

निर्णय नं. २२ : मेलम्ची नगरपालिका भित्रका देहाय बमोजिमका वडाहरुबाट नयाँ सडक ट्र्याक निर्माण गर्नका लागि अनुमति माग भएको सन्दर्भमा प्राविधिक अध्ययन गरी नयाँ सडक निर्माणका लागि उपयुक्त देखिएको भनि प्रतिवेदन प्राप्त भएकोले तपसिल बमोजिम नयाँ सडक निर्माणका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

१. ठूली चौर खानी खेत सडक निर्माण, मेलम्ची न.पा. १०

२. नयाँ बस्ती धारागाउँ र स्यालेकोशी पंधेरो मोटर बाटो निर्माण, मेलम्ची न.पा. १२

३. गिरान्चौर नमूना बस्ती सिम्पानी ठाँटी मोटर बाटो निर्माण, मेलम्ची न.पा. १२